# *Mahalaxmi Garments Industries*

(READYMADE GARMENTS MANUFACTURING & EXPORTERS)

**ADDRESS:**
Narsingh Kunj
Naxal Devi Marg
Gyaneshwor
Post box: 4206
Kathmandu, Nepal
Email: mahalaxmigarmentindustries@gmail.com

**FACTORY:**
Tahachal
Opp. Hotel Soltee
Post box: 4206
Kathmandu, Nepal


अत्यन्त जरुरी

च.नं. ७३/७९/८०

मिति :- २०७९/०४/०३

**श्रीमान् प्रमुखज्यू,**
**श्री शासकीय सुधार महाशाखा,**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**नेपाल सरकार**
**सिहंदरबार, काठमाडौं, नेपाल ।**

***बोधार्थ:*** **सम्माननीय प्रधानमन्त्रीज्यू ,**
**श्री शेर बहादुर देउवा ज्यू,**
**प्रधानमन्त्री तथा मन्त्री परिषद् कार्यालय,**
**नेपाल सरकार,**
**सिहंदरबार, काठमाडौं, नेपाल ।**

***बोधार्थ:*** **माननीय सभापति ज्यू,**
**श्री भरत कुमार शाह ज्यू,**
**श्री व्यवस्थापिका संसद**
**सार्वजनिक लेखा समिति,**
**नेपाल सरकार,**
**सिहंदरबार, काठमाडौं, नेपाल ।**

विषय : **रा. बा. बैंकमा चल्ती कर्जा कारोबारको लागि उद्योगले धितो दिएको सम्पत्तिहरु मध्ये कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्ति बैंकले पुर्नमूल्याङ्कन समेत नगरी खरीदकर्तासँग सेटिङ्गमा बोलपत्र आह्वान गरेको र बोलपत्रको रकम समेत जम्मा नलिई स्वामित्व हस्तान्तरण गरेको गैरकानूनी कार्यको छानबिन सम्बन्धमा**

**श्रीमान् प्रमुखज्यू,**

उपरोक्त सम्बन्धमा स्वीकृत सिमा 'लिमिट' भित्र व्यवस्थित रुपमा नाफामा चलिरहेको निर्यातजन्य एवम् धेरै रोजगार प्रदान गर्ने महालक्ष्मी गार्मेन्ट उद्योगको कारोबार बैंकले अचानक बिनाकारण आ.व. २०५७/५८ मा बन्द गरे लगत्तै उद्योगको साबिक बमोजिम कारोबार सुचारु गरिदिनु भनी म उद्योगीले रा. बा. बैंकसित पटक–पटक आग्रह र अनुरोध गर्दै आएको थिए ।

**श्रीमान् प्रमुखज्यू,** रा.बा. बैंक विशाल बजार काठमाडौं शाखाको मिति २०५८/०४/१७ को बोर्ड बैठक नं. १४ ले निर्णय गरी रा.बा. बैंक केन्द्रिय कार्यालयलाई लेखेको मिति २०५८/०५/२९ को पत्र संख्या एल.सी. ३७/१५९ को पत्रमा उद्योगको स्विकृत सिमा 'लिमिट' भित्र कारोबार गराउन अति आवश्यक र जरुरी भएको छ भनी लेखिएको आग्रहलाई समेत रा.बा.बैंक केन्द्रिय कार्यालयले बेवास्ता गरेको जानकारी गराउन चाहन्छु ।



DD790053785NP
GPOKathmandu (44600)
Same Day Delivery (DD790053785NP)
From:MGI nepal PO box 4206
Kathmandu, nepal
To:shriman pramukhjcu, sasakiya sudhar mahasakha
pradhanmantri t. mantriparisad ko karyalaya
Kathmandu, k
Weight: 104.00 Grams Cash: Rs.260.00
Date:7/19/2022 Time: 11:08 AM
OP:hemacounter

श्रीमान् प्रमुखज्यू,

उद्योगीको कर्जा तिर्ने प्रतिबद्धता हुदाँ–हुदैं पनि बैंकले दुरासयुक्त भावना राखी उपरोक्त उल्लेखित उद्योगको कि.नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्तिको मिति २०६२/०३/१७ मा लिलामी निकालिएपछि म उद्योगीले पुनः धेरैपटक रा. बा. बैंकसित सम्पर्क गर्न प्रयास गरेको थिए तर रा. बा. बैंकले बेवास्ता गरेपछि मैले बाध्य भई **मिति २०६२/०३/२८ मा गोरखापत्रको मुख्य पृष्ठमा सार्वजनिक सूचना मार्फत उद्योगको साबिक बमोजिम स्विकृत सिमा भित्रको कारोवार खोलिदिएको खण्डमा उद्योगले रु. तेत्तीस करोड भित्रैको चल्ती साँवा ऋण रु. २८,९६,५४,२६१/८८ (अक्षरेपी रु. अट्ठाईस करोड छयानब्बे लाख चौबन्न हजार दुई सय एक्सट्ठी रुपैया अट्ठासी पैसा मात्र) तिर्न तैयार रहेको छ भनी जानकारी दिदैं विज्ञप्ति प्रकाशित गरेको समेतलाई रा.बा. बैंकले बेवास्ता गरेको थियो ।**

## <u>रा.बा. बैंकले पुर्नमूल्याङ्कन समेत नगरी खरीदकर्तासँग मिलोमतोमा सेटिङ्ग गरी उद्योगले धितो दिएको मध्ये कि.नं. २६६, २६७ र २६८ को सम्पत्तिको बोलपत्र आह्वान गरेको</u>

## (रा. बा. बैंकका कर्मचारीहरुले आफ्नो पदको दुरुपयोग गरी अवैधानिक तरिकाले बोलपत्रको शर्तहरुको उल्लघंन गर्दै तथा पाइला–पाइलामा अनियमितता गरी उद्योगले धितो दिए मध्येको कि. नं. २६६, २६७ र २६८ को घर–जग्गा सम्पत्तिको स्वामित्व हस्तान्तरण गरेको गैरकानूनी कार्य)

- उपरोक्त सम्बन्धमा महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजबाट कारोबारको लागि राष्ट्रिय वाणिज्य बैंकमा दृष्टिबन्धक गरि धितो दिएको चार वटा अचल सम्पत्तिहरु मध्ये एउटा सम्पत्ति (कि. नं. २६६, २६७ र २६८ को घर जग्गा) को रा. बा. बैंकले मिति २०६२/०३/१७ मा लिलामी बोलपत्र आह्वान गरेको थियो ।

- **बैंकले बोलपत्र आह्वान अगावै** रा. बा. बैंक काठमाडौं शाखा कार्यालयको सञ्चालक समितिको मिति २०६२/०२/२२ (5th June 2005 ) को बैठकमा गोप्य सेटिङ गरी बोलपत्र आह्वान गर्ने निर्णय गरिएको । त्यहीं अनुसार रा. बा. बैंक केन्द्रिय कार्यालयले बोलपत्रको शर्त विपरीत गोप्य सम्झौता अन्तर्गत 19 July 2005 (मिति २०६२/०४/०४) मा बोलपत्र स्वीकृत गर्ने निर्णय गरेको र मिति २०६२/०४/०७ (22nd July 2005) को रा.बा. बैंक केन्द्रिय कार्यालय सञ्चालक समितिको बैठक नं. १३९५ मा बोलपत्र स्वीकृत गरेको ।

- रा. बा. बैंक काठमाडौं शाखा कार्यालयको सञ्चालक समितिको मिति २०६२/०२/२२ (5th June 2005 ) को बैठक तथा केन्द्रिय कार्यालयको 19 July 2005 (मिति २०६२/०४/०४) मा बोलपत्रको शर्तहरु उल्लंघन गर्दै भएको गोप्य सम्झौता सहित मिति २०६२/०४/०७ (22nd July 2005) को रा.बा. बैंक केन्द्रिय कार्यालय सञ्चालक समितिको बैठक नं. १३९५ मा **उक्त सम्पत्ति सम्बन्धमा के–के निर्णय भएको छानबिन गरी कारवाही गर्नु अत्यन्त आवश्यक रहेको** जानकारी गराउन चाहन्छु । यो सबै तथ्य प्रमाण रा.बा. बैंक केन्द्रिय कार्यालय सञ्चालक समितिले रा.बा. बैंक केन्द्रिय कार्यालय कर्जा असुली तथा पुनरसंरचना विभागलाई मिति २०६२/०४/१३ मा पठाएको पत्र स.स.नि. ३/२४/४१ बाट स्पष्ट जानकारी हुन आउँछ ।

**राष्ट्रिय वाणिज्य बैंकबाट उद्योगको कि.नं. २६६, २६७ र २६८ को सम्पत्तिको लिलामी प्रक्रियामा स्पष्ट रुपमा भएका अनियमितता बारे बुदाँगत रुपमा जानकारी साथै सो लिलामी अवैधानिक भएको र खारेज हुनुपर्ने कारणहरु :**

क) म्याद :

लिलामी प्रकृया अनुरुप प्रथम पटक ३५ दिनको सूचना, दोस्रो पटक १५ दिनको सूचना र तेस्रो पटक ७ दिनको सूचना नदिई रा. बा. बैंकद्वारा मिति २०६२/०३/१७ मा एकैपटकमा सीधै ७ दिनको निकै सानो अवधिको सूचना मात्र दिई लिलामी सूचना निकालिएको जानकारी गराउन चाहन्छु ।

ख) मूल्याङ्कन :

मिति २०५४/०३/२७ मा उपरोक्त कित्ता नं. २६६, २६७ र २६८ को जग्गा र घर सम्पत्तिमा कर्जा लगानी पूर्व रा. बा. बैंकद्वारा रु. ७,०२,०५,९७३/- (अक्षरेपी रु. सात करोड दुई लाख पाँच हजार नौ सय त्रियत्तर) मूल्याङ्कन भइ उद्योगलाई ऋण जारी भएको तर सो सम्पत्तिमा जारी ऋण भन्दा कम मूल्य तथा पुर्नमूल्याङ्कन समेत नगरी तत्कालिन बजार मूल्य रु. २० (बीस) करोड भन्दा बढी पर्ने सम्पत्तिलाई आफ्नो मनमर्जी हिसाबले रा. बा. बैंकले रु. ४,२२,१०,०००/- (अक्षरेपी रु. चार करोड बाइस लाख दश हजार मात्र) मा हत्तपत्त बिक्री गर्ने निर्णय गरेको ।

ग) बोलपत्रको शर्तहरु विपरीत :

मिति २०६२/०३/१७ मा एकैपटकमा सीधै मात्र ७ दिने सूचना प्रकाशित गरी मिति २०६२/०३/२७ मा बोलपत्र खोलेको र ऋण उठाउने नाममा एउटा प्रतिष्ठित उद्योगलाई समाप्त पार्ने बदनियतले काठमाडौं शाखा कार्यालयले मिति २०६२/०४/०७ को बोर्ड बैठक नं. १३९५ मा रु. ४,२२,१०,०००/- मा बोलपत्र स्वीकृत गरेको ।

- मिति २०६२/०३/१७ मा प्रकाशित ७ दिने सूचनाको **बोलपत्रको शर्त नं.४** बमोजिम बोलपत्र साथ राख्नु पर्ने १० प्रतिशत रकम रु. रु.४२,२१,०००/- (रु. बयालिस लाख एक्काईस हजार) मिति २०६२/०३/२४ भित्र राख्नु पर्ने तर सो रकम रु.४२,२१,०००/- एक महिनापछि मिति २०६२/०४/१७ मा रा.बा. बैंकमा बुझाएको देखिन्छ । यो **बोलपत्रको शर्त नं. ४ विपरीत** रहेको जानकारी गराउन चाहन्छु । **धरौटी नै नराखी रा. बा. बैंकले बोलपत्र कुन आधारमा स्वीकृत गरेको ?**

- रा. बा. बैंकले **बोलपत्रको शर्त नं. ६** बमोजिम ९० % जम्मा नलिईकन मिति २०६२/०५/२२ मा पत्र सं. काठ. शा. कर्जा च. नं. ४५७ मार्फत मालपोत कार्यालय कलंकीलाई सर्भिङ्ग माईण्डस प्रा.लि.कम्पनीको नाउँमा रा.बा. बैंकको रोक्का फुकुवा गरी सम्पत्ति नामसारी दाखिल खारिज गरिदिने भनी पत्र पठाएको ।

- लीलामीको बाँकी रहेको ९०% (नब्बे प्रतिशत) रकम जम्मा हुनु अगाडि नै मिति २०६२/०५/२२ पत्र सं. ४५७ मा उल्लेख रु. ५८,००,०००/– ( अक्षरेपी रु. अन्ठाउन्न लाख मात्र) को चेकको आधारमा मालपोत कार्यालयले रा.बा. बैंकका कर्मचारीहरुको मिलोमतोमा सर्भिङ्ग माईण्डस प्रा.लि. को नाममा सम्पत्ति नामसारी दाखिल खारिज गरेको र **सोही सम्पत्तिमाथि** स्वयं रा. बा. बैंकले मिति २०६२/०६/०६ मा रेजिष्ट्रेशन नं. ३५२७ बाट मालपोत कार्यालय कलंकीमा पुनः दृष्टिबन्धक गरी सर्भिङ्ग माईण्डस प्रा.लि.लाई बोलकबोल रकमको लगभग शत प्रतिशत रु. ४ (चार) करोड कर्जा ५ वर्ष ६ महिनाको लागि क्रमिक ब्याजदर घट्दै जाने सर्तमा ८.५% ब्याज दरमा जारी गरेको ।

घ) <u>बोलपत्रको शर्त नं. ६</u> विपरित गई अवैधानीक रुपमा सम्पत्ति प्राप्त कर्ता सर्भिङ्ग माईण्डस प्रा.लि.लाई मिति २०६२/०६/०६ मा रा.बा. बैंकबाट सोही सम्पत्तिमाथि ऋण जारी भएपछि मात्र बोलकबोलको बाँकी रहेको ९०% (नब्बे प्रतिशत) रकम रु. ३,७९,८९,०००/– (अक्षरेपी रु. तीन करोड उन्नासी लाख उन्नानब्बे हजार) निम्न बमोजिम जम्मा भएको रा.बा. बैंक काठमाण्डौ शाखाको मिति २०६२।०६।१६ को निर्णय नं २१/४१ को पत्रबाट पुष्टि हुन्छ ।

(अ) रा.बा. बैंकले मिति २०६२/०५/२२ मा कलंकी मालपोत लाई लेखेको पत्र सं. काठ. शा. कर्जा च. नं. ४५७ मा उल्लेख भएको चेक रकम रु. ५८,००,०००/– (रु. अन्ठाउन्न लाख मात्र) को भुक्तानी उपरोक्त सम्पत्ति सर्भिङ्ग माईण्डस प्रा.लि को नाममा नामसारी दाखिल खारिज भई बैंकबाट सोही सम्पत्तिमाथि सर्भिङ्ग माईण्डस प्रा.लि लाई मिति २०६२/०६/०६ मा ऋण जारी भएपछि मात्र मिति २०६२/०६/०९ मा चेक मा उल्लेखित रु. ५८,००,०००/– (रु. अन्ठाउन्न लाख मात्र ) बैंकलाई प्राप्त भएको देखिएको छ ।

(आ) त्यसरी नै बैंकले सोही सम्पत्तिमाथि सर्भिङ्ग माईण्डस प्रा.लि लाई मिति २०६२/०६/०६ मा रु. ४,००,००,०००/– (रु. चार करोड) ऋण जारी गरेपछि मात्र मिति २०६२/०६/०९ मा सम्पत्ति प्राप्तकर्ता सर्भिङ्ग माईण्डस प्रा.लि.बाट बोलकबोलको रु. ३,२०,००,०००/– (रु. तीन करोड बीस लाख मात्र) बैंकलाई प्राप्त भएको देखिएको छ ।

(इ) तथा ऋण जारी भएपछि मात्र मिति २०६२/०६/१० मा बाँकी रहेको रु. १,८९,०००/– (रु. एक लाख उन्नानब्बे हजार मात्र) बैंकलाई प्राप्त भएको देखिएको छ ।

**श्रीमान् प्रमुखज्यू,**
**उद्योगको सोही सम्पत्तिलाई नै पुनः धितो राखी सकार गर्नेलाई रा. बा. बैंक स्वयंले खरीद मूल्यको लगभग शत प्रतिशत रु. ४,००,००,०००/– (रु. चार करोड) को ऋण दिई हिसाब राफसाफ गरेको देखिन्छ । अर्थात् उद्योगको कि.नं. २६६, २६७ र २६८ को सम्पत्ति बैंकका कर्मचारीहरुले बोलपत्रको नाममा मिलोमतो गरी हिनामिना गरेको छ ।**

**श्रीमान् प्रमुखज्यू, खरीदकर्ताले पुनः लगभग रु. २०,००,००,०००/– (रु. बीस करोड) मा उपरोक्त सम्पत्ति बिक्री गरेको जानकारी प्राप्त भएको अवगत गराउन चाहन्छु ।**

*उक्त सम्पत्तिको लिलामी निकालेकोदेखि लिएर सम्पूर्ण लिलामी प्रकृयामा पाइला–पाइलामा अनियमितता भएको स्पष्ट छ ।*

<u>आम नागरिकले एवम् व्यवसायीहरुले कारोबारका लागि बैंकमा सम्पत्तिहरु दृष्टिबन्धक गरी राखेपछि सो सम्पत्तिहरुको सुरक्षा गर्नु के बैंकको दायित्व होइन ?</u>

## ❖ <u>उद्योगको मेसीनरी हिनामिना गरेको सम्बन्धमा</u>

**उद्योगको कि.नं. २६६, २६७ र २६८ को सम्पत्तिलाई अवैधानिक तरिकाले स्वामित्व हस्तान्तरण गर्नका लागि रा.बा. बैंकले सो कित्तामा रहेका उद्योगको मेसीनरी समेत हिनामिना गरेको जानकारी गराउन चाहन्छु ।**

कित्ता नं. २६६, २६७ र २६८ को घर जग्गा (१) मेन विल्डीङ्ग र (२) ब्रान्च हल कब्जा गर्ने र गैरकानूनी रुपले सो घर जग्गा हस्तानतरण गर्ने बदनियतका साथ सो कित्तामा अवस्थित भवनहरु नं. १) Main Building र भवन नं.२) Branch Hall भित्र रहेको रु. ४,०३,२१,०५४/- (रु. चार करोड तीन लाख एक्काईस हजार चौबन्न रुपैया ) मूल्य पर्ने मेसिनरीलाई समेत रा.बा. बैंकले गैरकानुनी तवरले कब्जामा लिई बिक्री गरेको जानकारी गराउन चाहन्छु । कब्जा गरीएको रु. ४,०३,२१,०५४/- को मेसिनरीलाई अति न्यून मूल्य रु.४७,५१,०००/- (रु. सैतालीस लाख एक्काउन हजार मात्र) मा रा.बा. बैंकले बिक्री गरेको छ र सो रकमको अत्तोपत्तो नरहेको जानकारी गराउन चाहन्छु ।

ताहाचल स्थित उद्योगको कि.नं. २६६, २६७ र २६८ को भवन नम्बर (१) मेन विल्डीङ्ग , भवन नम्बर (२) ब्रान्च हल र कि. नं. ३७४, ३७३, ३७२ र ८९ मा रहेको भवन नम्बर (३) न्यू विल्डङ्ग मा रहेको उद्योगको जे–जति सम्पूर्ण मेसिनरी साविक बैंक अफ सिलोन हाल एनसिसि बैंकलाई मिति २०५८/५/२० मा (5th September 2001) बैंकलाई धितोको (तमसुक) कागज गरी धितो (सुरक्षण) राखिएको थियो ।
उक्त उद्योग परिसरको तीनवटै भवनहरुमा रहेको मेसिनरीको विमाका लागि एन.सी.सी. बैंकले नेशनल इन्स्योरेन्स कम्पनी लि. बाट 204/KBD/7500058/01-02 05.09.2004, तोरख 5th September 2001 (मिति २०५८/०५/२०) को विमा लेखबाट धितो लिएको उक्त मेशिनरी उपकरणको जम्मा विमा मूल्य रू. ७,०९,३२,०९७/- ( अक्षरेपी रु. सात करोड नौ लाख बत्तीस हजार सन्तानब्बे मात्र) तय गरिएको थियो ।

तर ती मध्ये कित्ता नं. २६६, २६७ र २६८ को भवन नम्बर (१) मेन विल्डीङ्ग , नम्बर (२) ब्रान्च हल मा रहेको मेसिनरीलाई रा.बा. बैंकले अवैधानिक तरिकाले कब्जामा लिई कि. न. २६६, २६७ र २६८ को सम्पत्ति अवैध तरिकाले बिक्री गर्नका लागि मिति २०६२/०१/०१ मा मेसिनरीको लिलामी निकालेको थियो ।

- उद्योगले राष्ट्रिय वाणिज्य बैंकलाई मेसिनरी धितो नदिएको रा. वा. बैंक शाखा कार्यालयबाट रा. बा. बैंक केन्द्रिय कार्यालयलाई लेखेको धितो विवरण पत्र मिति २०५८/१२/०१ को पत्र संख्या च. नं. ६२६ र मिति २०५८/०५/२९ को पत्र. सं. एल.सी. ३७/१५९ को पत्रहरुबाट स्पष्ट हुन्छ ।

- रा. बा. बैंकले मिति २०६१/०१/२८ ( 10th May 2004 ) मा उद्योगीलाई पेश गरेको M.O.U बाट समेत उद्योगले राष्ट्रिय वाणिज्य बैंकलाई मेसिनरी धितो नदिएको पुष्टि हुन्छ ।
  M.O.U को P.T. 2.2 को **(g)** अन्तर्गत रा. बा. बैंकले यस उद्योगबाट **NCC Bank** लाई धितो सुरक्षण नदिए बाहेकको मेसिनरी माग गरेको थियो ।
  **( g ) "<u> The party is to provide fresh hypothecation deed on the mill / machines which is already not in hypothecation to NCC Bank.</u> "**

तर

- उद्योगको तीन वटै भवनमा रहेको सम्पूर्ण मेसिनरी NBOC Bank लाई धितो सुरक्षण दिएको र उद्योगमा थप मेसिनरी नरहेको हुनाले उपरोक्त M. O. U मा मेसिनरी एवम्
- उद्योगको कारोबार बैंकले बिनाकारण आफ्नो मनमर्जीले बन्द गरेपछि ब्याज तिर्ने उद्योगको दायित्व नरहेको सन्दर्भ तथा धेरै कुरा नमिलेको कारणले म उद्योगीले रा. वा. बैंकबाट पेश भएको **M. O. U साईन नगरेको** जानकारी गराउन चाहन्छु ।

साथै उद्योगको रु. २ करोड मूल्य पर्ने **फर्निचर समेतको अतोपतो नरहेको श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति सहित अन्य सम्बन्धित निकायमा जानकारी गराउँदै आएको छु ।**

**श्रीमान् प्रमुखज्यू,**

मेरो कर्जा तिर्ने प्रतिबद्धता हुदाँ–हुदैं पनि राष्ट्रिय वाणिज्य बैंकले दुरासयुक्त भावना राखी आफूले गरेका षड्यन्त्र र गैरकानूनी कामकारबाहीको ढाकछोप गर्नका लागि ऋण असुली न्यायधिकरण ऐन २०५८ को दफा १४(७) बमोजिम प्रकृया पूरा नगरी मिति २०६३/०३/२६ मा श्री ऋण असुली न्यायधिकरणमा उद्योगविरुद्ध निवेदन दर्ता गरेको जानकारी गराउन चाहन्छु । एउटा अन्तराष्ट्रिय स्तरको निर्यात उद्योगलाई समाप्त पार्न षड्यन्त्र गरेको जानकारी गराउन चाहन्छु ।

महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजले श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति समक्ष मिति २०६३/०६/०३, मिति २०६५/१०/२६, मिति २०६६/०२/०४, मिति २०६६/०२/०८ मा राष्ट्रिय वाणिज्य बैंकले उद्योगविरुद्ध गरेको गैरकानुनी क्रियाकलापहरुको विषयमा जानकारी गराउदैं र कारबाहीको माग गर्दै निवेदन पेश गरेको थियो ।

उपरोक्त सम्पत्तिहरुको छानबिन तथा निर्यात उद्योग महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीजको कारोबार सुचारु गर्ने सम्बन्धमा श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समितिबाट आवश्यक कारबाहीको लागि मुख्य निम्न पत्रहरु पठाइएका थिए :–

१) प. स. २०६५/६६ सा. ले. स. च. न. २२० मिति २०६५/१०/२७ मा श्रीमान् सचिव, अर्थ मन्त्रालय र श्रीमान् कार्यकारी प्रमुखज्यू, राष्ट्रिय वाणिज्य बैंक ;

२) प. स. २०६५/६६ च. न. ३३९ मिति २०६६/०१/३० श्रीमान् सचिव, अर्थ मन्त्रालय र श्रीमान् कार्यकारी प्रमुखज्यू, राष्ट्रिय वाणिज्य बैंक ;

३) प. स. २०६५/६६ च. न. ३५८ मिति २०६६/०२/२६ श्रीमान् गर्भनरज्यू , नेपाल राष्ट्र बैंक ;

४) प. स. २०६५/६६ च. न. ३५९ मिति २०६६/०२/२६ श्रीमान् राजस्व सचिवज्यू, अर्थ मन्त्रालय

५) नेपाल राष्ट्र बैंकले पत्र. सं. बै.वि.नि.वि./जि. एच. सि/८७/०६५/६६ मिति २०६६/०२/२० श्रीमान् प्रमुख कार्यकारी निर्देशक, राष्ट्रिय वाणिज्य बैंक तथा पुनः पत्र.सं. बै.वि.नि.वि./जि.एच. सि/९४/०६५/६६ मिति २०६६/०३/०७ श्रीमान् प्रमुख कार्यकारी निर्देशक, राष्ट्रिय वाणिज्य बैंक लाई यथाशीघ्र प्रतिवेदन उपलब्ध गराउन पत्र पठाएको थियो ।

पत्रको बोधार्थ श्री व्यवस्थापिका संसद सार्वजनिक लेखा समिति समेतलाई गरिएको थियो ।

**श्रीमान् प्रमुखज्यू,** मिति २०५४/०३/२७ मा उपरोक्त कित्ता नं. २६६, २६७ र २६८ को जग्गा र घर सम्पत्तिमा कर्जा लगानी पूर्व रा.बा. बैंकद्वारा रु. ७,०२,०५,९७३/- (अक्षरेपी रु. सात करोड दुई लाख पाँच हजार नौ सय त्रियत्तर) मूल्याङ्कन भइ उद्योगलाई ऋण जारी भएको थियो । तर मिति २०५४/०३/२७ मा रा.बा. बैंकद्वारा गरिएको मूल्याङ्कन भन्दा कम मूल्य तथा पुर्नमूल्याङ्कन समेत नगरी तत्कालिन बजार मूल्य रु. २० (बीस) करोड भन्दा बढी पर्ने सम्पत्तिलाई आफ्नो मनमर्जी हिसाबले रा. बा. बैंकले रु. ४,२२,१०,०००/- (अक्षरेपी रु. चार करोड बाइस लाख दश हजार मात्र) मा हत्तपत्त मिलोमतोमा बिक्री गर्ने निर्णय गरी खरीदकर्ताबाट रकम समेत नलिई उल्लेखित सम्पत्ति हस्तान्तरण गरेको र सोही सम्पत्तिलाई धितो राखी स्वयं रा. बा. बैंकले बोलकबोल रकमको शत प्रतिशत जति रु. ४ (चार) करोड कर्जा जारी गरेपछि बोलकबोलको रकमको हिसाब राफसाफ गरिएको छ । उपरोक्त उल्लेखित सबै विषयमा रा. बा. बैंकबाट भए गरिएका गैरकानूनी कार्यहरुको छानबिन गरी कारवाही गर्न सादर विनम्र अनुरोध गर्दछु र उद्योगलाई न्याय प्रदान गरिदिनुहुन सादर अनुरोध गर्दछु ।

**संलग्न कागजातहरु :**

१) रा.बा. बैंक केन्द्रिय कार्यालयलाई रा.बा.बैंक विशाल बजार शाखाले 'उद्योगको कारोबार सुचारु गर्न अति आवश्यक र जरुरी भएको' भनी लेखेको मिति २०५८/०५/२९ को पत्र संख्या एल.सी. ३७/१५९ को पत्र
२) रा. बां. बैंकद्वारा मिति २०६२/०३/१७ मा सीधै ७ दिनको निकै सानो अवधिको लिलामी सूचना
३) मिति २०६२/०३/२८ मा गोरखापत्रको मुख्य पृष्ठमा उद्योगद्वारा प्रकाशित विज्ञप्ति
४) रा. बा. बैंकद्वारा मिति २०५४/०३/२७ मा कित्ता नं. २६६, २६७ र २६८ को घर जग्गा सम्पत्तिको गरिएको रु. ७,०२,०५,९७३/- (अक्षरेपी रु. सात करोड दुई लाख पाँच हजार नौ सय त्रियत्तर) को मूल्याङ्कन पत्र
५) चेकको आधारमा मालपोत कार्यालय, कलंकीमा सम्पत्ति नामसारी दाखिल खारिज गरेको मिति २०६२/०५/२२ को पत्र सं. ४५७ मा उल्लेख र मिति २०६२/०६/०६ को मा.पो.का.कलंकीको रेजिष्ट्रेशन नं. ३५२७ को दृष्टिबन्धक तमसुक
६) रा.बा. बैंक काठमाण्डौ शाखाको मिति २०६२।०६।१६ को निर्णय नं २१/४१ को पत्र
७) नेपाल राष्ट्र बैंकले राष्ट्रिय वाणिज्य बैंकका श्रीमान् प्रमुख कार्यकारी निर्देशकलाई मिति २०६६/०३/०७ मा पत्र.सं. बै.वि.नि.वि./जि.एच.सि/९४/०६५/६६ मा यथाशीघ्र प्रतिवेदन उपलब्ध गराउन पठाएको पत्र

**श्रीमान् प्रमुखज्यूबाट सहयोगको अपेक्षा राख्दै**

**निवेदक**

For Mahalaxmi Garments Ind.

**बृज गोपाल इनानी**
**प्रोपाइटर**
**महालक्ष्मी गार्मेन्ट इन्डष्ट्रीज**
**पोष्ट बक्स नं. ४२०६,काठमाडौं, नेपाल ।**
**फोन नं.:– ९७७–९८४९६५०५१४**
E-Mail:- mahalaxmigarmentindustries@gmail.com
Website :- www.mginepal.com